


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३२० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २५ गते शनिबार ❑ 11 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## आगामी सरकार कांग्रेसकै हुन्छ, त्यो मेरो जिम्मेवारी हो : सभापति देउवा

रासस

काठमाडौं, २४ मंसिर

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीको आन्तरिक प्रतिस्पर्धाले मुलुकमा हुने आगामी निर्वाचनमा कुनै असर नपरोस् भन्नेतर्फ सजग रहन पार्टीका नेता कार्यकर्तालाई आग्रह गर्नुभएको छ । पार्टीको १४औँ महाधिवेशनको उद्घाटन समारोहलाई शुक्रबार सम्बोधनका क्रममा उनले आउँदो सरकार कांग्रेसको हुनेमा निश्चिन्त रहन आग्रह गर्दै उक्त जिम्मेवारी आफ्नो भएको विश्वास दिलाउनुभयो ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "आफ्नो सरकार गठन हुनुअघि मुलुकमा कस्तो डर त्रास थियो । मेरो सरकार गठन भएलगत्तै जनताले ओली (तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली) को शासनबाट मुक्ति पाए । पाएको मुक्ति बचाउने हो कि होइन महाधिवेशनले तय गर्नेछ । आउँदो सरकार कांग्रेसको हुन्छ त्यो मेरो जिम्मेवारी



हो । आगामी निर्वाचनमा पार्टीमा कुनै समस्या नआओस् ।" स्थानीय र सङ्घीय सरकार कांग्रेस कै हुने नेता कार्यकर्तालाई आश्वस्त पार्दै उहाँले त्यसका लागि एकपटक आफूलाई जिताउन आग्रह गर्नुभयो । "डर त्रास मुक्त शासन व्यवस्था ल्याइन्छ, ल्याइन्छ, मलाई साथ दिनुस्", प्रधानमन्त्री देउवाले भन्नुभयो ।

यसैगरी लामो समयसम्म एउटै मञ्चमा नदेखिएका नेकपा(एमाले)का अध्यक्ष ओली, नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालको उपस्थिति पनि अर्को महत्वपूर्ण दृश्यका रूपमा महाधिवशेनमा देखियो । एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष दाहालले प्रधानमन्त्री शेरबहादुर देउवालाई बीचमा राखेर गर्नुभएको भलाकुसारी फोटो पत्रकारका लागि 'एक्स्क्लुसिभ' नै बनेको थियो । पटकपटक राजनीतिक परिवर्तन नभए पनि जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन नआएको भन्दै नेकपा (माले)का महासचिव सिपी मैनालीले यर्थाथता पेश गर्नुभयो । महासचिव मैनालीको धारणाभन्दा अझै अगाडि बढेर राप्रपाका नवनिर्वाचित अध्यक्ष राजेन्द्र लिङ्देनले नेतालाई जनताले 'चोर' भन्ने गरेको तर्क गर्नुभयो । उहाँले इतिहास भइसकेको राजतन्त्रको पुनःस्थापनाको पक्षमा धारणा राख्नुभएको थियो ।

लिङ्देनको तर्कप्रति तीन पूर्व प्रधानमन्त्रीले आपत्ति जनाउनुभयो । एमाले अध्यक्ष ओली, माओवादीका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पर्वतीय पर्यटनबाट दिगो विकास सम्भव छ : कुलपति गणेशमान गुरुङ

पोखरापत्र संवाददाता

पोखरा, २४ मंसिर

गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. गणेशमान गुरुङले पर्वतीय पर्यटनबाट दिगो विकास हासिल गर्नका लागि यस क्षेत्रको संरक्षण सम्बर्द्धनमा जोड दिनुपर्ने बताउनुभएको छ ।

अनुसन्धान तथा क्षमता अभिवृद्धि केन्द्रको (रिक्याप) आयोजना र सोलिडारिटी फोरोम (सोफो)को समन्वयमा "समृद्धिका लागि दीगो पर्वतीय पर्यटन" विषयक छलफल कार्यक्रममा उहाँले पर्वतीय क्षेत्रका विशेषताहरुको पहिचान गर्दै त्यसको संरक्षणमा जोड दिनुपर्ने बताउनुभएको हो ।

हिमालमा बढ्दो फोहोरको व्यवस्थापन हुन नसक्नु, हिमाली जनजीवनको मौलिक संस्कार र संस्कृती संरक्षण हुन नसक्नु दुखद भएको जनाउँदै पर्वतीय पर्यटनको विकासलाई उजागार



गर्दै लैजानुपर्ने आवश्यकता औल्याउनुभयो । भुगोलविद् प्रा.डा. कृष्ण केसी कोरोनाले पर्यटनमा चुनौती थपेको जनाउँदै अब पर्यटन चलायमानका लागि नयाँ खोज र सोचको आवश्यकता रहेको बताउनुभयो । उहाँल पर्यटन संस्कृतिको विकासको वातावरण बनाउन आवश्यक नीति निर्माण गरी त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने भनाइ राख्नुभयो ।

पर्यटनका अध्येता एवम् रिक्यापका अध्यक्ष श्रीकान्त खतिवडाले नेपालमा पर्वतीय पर्यटनको प्रचुर सम्भावना रहेको प्रष्टाउँदै यसको विकासका लागि रणनीति योजना सहितका कार्यक्रमहरु तय हुन नसकेको बताउनुभयो । नेपालको पर्यटनको इतिहास हिमालबाट शुरु भएको जनाउँदै मौरिस हर्जोकले नेपाल चिनाउन गरेको योगदान सदा स्मरणीय रहेको बताउनुभयो । उहाँले नेचर, कल्चर र एडभेन्चरले भरीपूर्ण देश नेपालमा योजनावद्ध र दिगो तवरबाट विकासको खाँचो रहेको औल्याउनुभयो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नाडाको अध्यक्षमा थापा

पोखरापत्र संवाददाता

पोखरा, २४ मंसिर

नेपाल अटो मोबाइल्स एसोसिएसन अफ नेपाल (नाडा) को अध्यक्षमा पोखराका व्यवसायी ध्रुवबहादुर थापा विजयी हुनुभएको छ ।

करण चौधरीलाई ६६ मतान्तरले पराजित गर्दै उहाँ अध्यक्षमा निर्वाचित हुनुभएको हो । प्रमुख निर्वाचन अधिकृत एवं अधिवक्ता बालकृष्ण ढकालका अनुसार थापाले कूल एक हजार ४१३ मत प्राप्त गर्नुभएको छ । उहाँका प्रतिस्पर्धी चौधरीले एक हजार ३४७ मत प्राप्त गर्नुभएको थियो । कूल १७ सदस्यीय कार्यसमितिमा अनुपकुमार बराल



एक हजार ४६३, मिलनबाबु मल्ल एक हजार ४६५, राजनबाबु श्रेष्ठ एक हजार ४५७, सुरेन्द्रकुमार उप्रेती एक हजार ४३२, सुनिल रिजाल एक हजार ४०२, अभिक ज्योति एक हजार ३८३, प्रकाश कपुरी एक हजार ३७९, विक्रम सिङ्घानियाले एक हजार ३७१ र गोपाल भट्टराईले एक हजार ३६५ मत ल्याएर विजयी हुनुभएको छ ।

त्यस्तै, नीलमणि पाठक एक हजार ३५४, वरदान बस्नेत एक हजार ३५० र पङ्कज अग्रवालले एक हजार ३३४, निराकर श्रेष्ठ एक हजार ३६४, यमुना श्रेष्ठ एक हजार ३५५, कपिल शिवाकोटी एक हजार ३४८, प्रदीपमान प्रधान एक हजार ३४६ र आकाश गोल्छा एक हजार ३३९ मत ल्याएर विजयी हुनुभएको प्रमुख निर्वाचन अधिकृत ढकालले जानकारी दिनुभयो ।

कूल तीन हजार २०० सदस्य रहेको नाडामा दुई हजार ७८८ मात्र मत खसेको थियो । यसअघि, संस्थागत सदस्यतर्फ सातै प्रदेशमा निर्विरोध निर्वाचित भइसक्नुभएको छ ।

## परनिर्भर अर्थतन्त्रलाई बदल्न कृषिमा लगानी बढाउनुपर्दछ : पूर्वप्रधानमन्त्री भट्टराई

पोखरापत्र संवाददाता

पोखरा, २४ मंसिर

पूर्व प्रधानमन्त्री डा बाबुराम भट्टराईले सुगौली सन्धी यता नेपालको अर्थतन्त्र परनिर्भर रहेको र प्रारम्भिक स्तरका उद्योगधन्दा समेत प्रतिस्पर्धा गर्न नसक्ने अवस्थामा पुगेको बताउनुभएको छ ।

'गाउँको उत्पादन सहरमा, सहरको पूँजी गाउँमा' को नारासहित स्थापित मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको क्षेत्रीय कार्यालय तथा कृषि प्रदर्शनी केन्द्रको आज पोखरा-८ नागढुङ्गामा उद्घाटन गर्दै उहाँले कृषि क्षेत्रको विकासका माध्यमबाट उत्पादन वृद्धि गर्दै परनिर्भर अर्थतन्त्रलाई बदल्नु आवश्यक रहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, 'नेपालको आयात/निर्यातको अनुपात दशकौं अघिदेखी बढेको छ । छिमेकी मुलुकहरुमा कृषि क्षेत्रमा राज्यले ठूलो मात्रामा अनुदान दिएकाले उत्पादन सस्तो छ, खुला सिमानाका कारणबाट समेत छिमेकबाट कृषिजन्य बस्तुको आयात बढ्दा यहाँको उत्पादनले प्रतिस्पर्धा गर्न सकेको छैन । कृषि क्षेत्रमा राज्यको लगानी वृद्धि हुनु आवश्यक छ ।' कृषि क्षेत्रको विकासको आफ्नो नियम रहेकाले त्यसलाई आत्मसाथ गर्नु जरुरी रहेको बताउँदै भट्टराईले पुरानो व्यवस्था र संरचना भत्काउनका लागि आफूहरुको पुस्ताको योगदान रहेपनि नयाँ बनाउने तर्फ खासै योगदान नभएको उल्लेख गर्नुभयो । 'पुरानो राज्य व्यवस्था संरचना भत्काउन हाम्रो पुस्ताले योगदान गरेको हो । तर पुरानो भत्काउनु र नयाँ बनाउनु अलग हो । नयाँ बनाउन अलि मिलेको छैन विज्ञ भनिने साथीहरुमा पनि विज्ञतालाई समयानुकल प्रयोग गर्ने सन्दर्भमा कमी देखिएको छ', उहाँले भन्नुभयो । गण्डकी प्रदेश सरकारका भूमि व्यवस्था कृषि सहकारी तथा गरीबी निवारणमन्त्री चन्द्रबहादुर बुढाले प्रदेश सरकारले कृषि उत्पादन वृद्धिको कार्यक्रम ल्याएको बताउनुभयो ।

उत्पादनका आधारमा अनुदान, कृषि उपकरणमा सहयोग, कृषिको यान्त्रीकरण लगायतमा कृषकलाई सहयोग गर्ने कार्यक्रम रहेको उहाँको भनाइ थियो । मुक्तिनाथ कृषि कम्पनीका कार्यकारी अध्यक्ष भरतराज ढकालले नेपालको कृषि अर्थतन्त्रलाई बलियो बनाउने उद्धेश्यले विसं २०७५ मा मुक्तिनाथ विकास बैंकको प्रमुख लगानीमा कम्पनीको स्थापना गरिएको बताउनुभयो । गुणस्तरीय कृषि सामग्रीहरु मल, बीउ, कृषि औजार, विषादीहरु र सिँचाई उपकरणमा कृषकलाई सहयोग उपलव्ध गराउँदै कृषकको खेतबारीमा उब्जनी भएको कृषि उपजहरुलाई बजारसम्म पहुँच अभिवृद्धिका लागि कम्पनीले काम गर्ने उहाँले जानकारी दिनुभयो । 'देशमा कृषि उद्यमको विकास गरी बढीभन्दा बढी कृषकहरुलाई गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य लिएका छौँ', कार्यकारी अध्यक्ष ढकालले भन्नुभयो, 'कृषि व्यवसाय गर्न चाहने सहकारी, कृषि कम्पनी तथा फार्महरुलाई सहयोग तथा प्रवर्द्धनका माध्यमबाट स्थापित गर्ने गरी अघि बढेका छौँ ।'

कम्पनीका सचिव रामशरण तिमिल्सिनाले कृषक र कृषि व्यवसायीहरुलाई आवश्यक पर्ने वित्तिय तालिम, व्यावसायिक योजना निर्माण र अन्य वित्तिय सेवामा सहजीकरण गरिने बताउनुभयो । उहाँका अनुसार कम्पनीमा हाल संस्थापक शेयरधनी ८६३ जना रहेको र पूँजी रु एक अर्ब रहेको छ । कम्पनीमा मुक्तिनाथ विकास बैंकको रु २५ प्रतिशत लगानी रहेको बताइन्छ ।

## पोखरा रंगशाला अवलोकन गर्दै मन्त्री बराल

पोखरापत्र संवाददाता

पोखरा, २४ मंसिर

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले पोखरा रंगशाला अवलोकन गर्नु भएको छ ।

पोखरामा जारी आइटिएफ टेनिस टुर जे ५ खेल अवलोकन गर्न टेनिस कोर्ट पुग्नु भएको मन्त्री बरालले शुक्रबार पोखरा रंगशालाको अवलोकन गर्नु भएको हो । कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा जारी उक्त प्रतियोगिता अन्र्तगत सेमीफाइनल खेल अवलोकन पश्चात मन्त्री बरालले टेनिस कोर्ट, टेनिसको भवन, निमार्णधिन प्रदेश खेलकुद परिषदको भवन,



पोखरा फुटवल स्टुडियोको अवलोकन तथा भ्रमण गर्नु भएको हो । मन्त्री बराल समक्षप्रदेश खेलकुद परिषदका सदस्य सचिब तेज बहादुर गुरुङ, कास्की जिल्ला टेनिस संघका अध्यक्ष लोक बहादुर गुरुङ, नेपाल टेनिस संघका केन्द्रिय उपाध्यक्ष बिनोद कायस्थ, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष तोरण बहादुर बानिया, पर्यटन व्यवसायी गोपी बहादुर भट्टराई लगायतले रंगशालामा विभिन्न खेलकुद गतिविधि संचालन गर्न आवश्यक पूर्वाधार निर्माण गर्न पहल गर्न आग्रह गर्नु भएको थियो । गण्डकी प्रदेश सरकारले पर्यटनलाई विकासको पहिलो आधार बनाएको बताउदै मन्त्री बरालले यस्ता खेल गतिविधिले यस क्षेत्रको खेल पर्यटनको प्रबर्द्धन हुने विश्वास व्यक्त गर्नु भयो । निजी क्षेत्र विना खेल र पर्यटन क्षेत्रको प्रबर्द्धन गर्न नसकिने बताउदै मन्त्री बरालले सरकारको थोरै पूंजिलाई उचित ढंगले सदुपयोग गरी निजीले सहयोग गर्नुपर्ने बताउनु भयो ।

गण्डकी प्रदेशका प्रदेश खेलकुद परिषद सदस्य सचिव तेज बहादुर गुरुङले पोखरा रंगशाला पर्खाल निर्माण निजी क्षेत्रबाटै भएको बताउदै पोखरा रंगशालामा एकै पटक समुह रुपमा खेल्न मिल्ने करिब ६ वटा खेल मैदान भएको बताउनु भयो ।




# पूर्व मन्त्री यज्ञबहादुर थापाद्वारा केन्द्रीय सदस्यमा उम्मेद्वारी घोषणा

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्व कानुन मन्त्री यज्ञबहादुर थापाले केन्द्रीय सदस्यमा उम्मेद्वारी दिने भएका छन् ।

शुक्रबारदेखि काठमाडौंमा आयोजना हुन गइरहेको कांग्रेसको १४ औं राष्ट्रिय महाधिवेशनमा थापाले उम्मेद्वारी घोषणा गरेका हुन् । केन्द्रीय सदस्यमा उम्मेद्वारी घोषणा गर्दै उनले भने, 'कांग्रेसको गौरवपूर्ण इतिहास र विरासतको संरक्षण गर्दै नयाँ पुस्तालाई समेत आकर्षणीय बनाइराख्न मेरो योगदान रहनेछ ।' मुलुकको व्यवस्था परिवर्तनका हरेक आन्दोलनमा नेतृत्वदायी भूमिकामा रहेका थापा सडक आन्दोलनदेखि पार्टी राजनीतिमा अब्बल मानिन्छन् । उनले कास्की कांग्रेसमा सचिव, उपसभापति हुँदै २०६१ देखि लगातार ११ वर्ष जिल्ला सभापति भई नेतृत्व गरे । त्यसअघि नै उनी पश्चिमाञ्चल क्षेत्रबाट कांग्रेसको राजनीतिमा उदयीमान बनिसकेका थिए । २०५४ मा उनले नेपाली कांग्रेसको पश्चिमाञ्चल क्षेत्रीय विकास समितिको सदस्य सचिव भई कार्यभार सम्हाले ।

विपी कोइरालाले आम उद्घाटन गरेको नेविसंघको भेलाबाट उनी केन्द्रीय उपाध्यक्षमा चुनिएका थिए । पञ्चायतकालमा (२०३६) जनमत संग्रहका बेला बहुदल प्रचार समितिको महामन्त्री हुँदा राजनीतिक गतिविधिमा कांग्रेसलाई प्रतिबन्ध लगाइएको थियो । अति कष्टकर समयमा पनि मुलुकको लोकतान्त्रिक र प्रजातान्त्रिक आन्दोलनमा आफूलाई समाहित गराएका थापा पार्टी केन्द्रीय समितिमा पुगेर जिम्मेवारीका साथ योगदान गर्ने इच्छा रहेको बताउँछन् ।

२०३६ सालमा कांग्रेसको मुखपत्रको रुपमा प्रकाशित 'नेपाल पुकार' पत्रिकामा सम्पादक भई थापाले जनताको हातसम्म कांग्रेसका सिद्धान्तहरुलाई प्रचारात्मक शैलीमा पुऱ्याएका थिए । त्यस समय उनले विपी काइरालासँग पनि अन्तर्वार्ता लिएका थिए । 'प्रजातान्त्रिक समाजवाद'बारे लिइएको अन्तर्वार्तामा विपीले उनलाई ' प्रिय यज्ञ' भनेर नौ ठाउँमा सम्बोधन गरेपछि उनलाई सबैले 'विपीको प्रिय मान्छे' भनी चिन्छन् । 'प्रजातान्त्रिक आन्दोलनमा अविचलित समर्पित हुने हौसला मलाई विपीसँगको साक्षात्कारले पनि बनायो,' उनी सम्भिन्छन्, 'विपी भन्नुहुन्थ्यो, यज्ञ जस्ता कार्यकर्ता भएसम्म मुलुकमा प्रजातन्त्रको आन्दोलन कहिल्यै रोकिने छैन ।'पार्टीका विभिन्न जिम्मेवारीमा आफूलाई छरितो प्रमाणित गरेका थापाले ०७० मा कास्की क्षेत्र नम्बर १ बाट निर्वाचित भई संविधान सभा सदस्य बनेका थिए । त्यसपछि कानुन मन्त्री बनेका उनले जंगबहादुर राणाले बनाएको १ सय ६० वर्ष पुरानो मुलुकी ऐन प्रतिस्थापन गरी ०७४ मा नयाँ मुलुकी संहित ऐन कार्यान्वयनमा ल्याए हुन् ।

## आगामी...

अध्यक्ष प्रचण्ड र नेकपा(एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले लिङ्देनको भनाइलाई खण्डन गर्नुभयो । ओलीले भन्नुभयो, "नागरिकबाट कोही नेता उत्पन्न हुन सक्दैन, हरेक नेता चोर हुन्छ ? यस्ता कुरा बोकेर हिड्ने ? हुन त भर्खर भर्खर अध्यक्षमा छानिएको रापताप होला केही साथीहरूलाई ?" अध्यक्ष ओलीले थप अगाडि भन्नुभयो, "भर्खर भर्खरको बाच्छो हिँड्न जान्दैन, अलि बढी कुद्छ । भर्खर भर्खर सभापति भएको रापताप हो । अलिक समयपछि ठिक आउला भन्ने मलाइ लाग्छ ।"लोकतान्त्रिक आन्दोलनमा त्याग र सङ्घर्ष गरेका नेताको बदनाम गर्नुको पछाडि निरङ्कुशता जगाउने षड्यन्त्र रहेको भन्दै माओवादीका अध्यक्ष दाहालले नेतृत्वलाई खुइल्याउने प्रवृत्तिका विरुद्ध जुध्न आग्रह गर्नुभयो । एकीकृत समाजवादीका अध्यक्ष नेपालले त नेपालको संविधानले सबैलाई राजनीतिक दल खोल्ने अधिकार दिएको भन्दै पूर्वराजालाई पनि पार्टी खोलेर राजनीति गर्न सुझाव दिनुभयो । एउटै मञ्चमा धेरै पूर्वप्रधानमन्त्री उपस्थित भएको भन्दै भारतीय जनता पार्टीका नेता डा हर्षवर्द्धनले आश्चर्य प्रकट गर्नुभएको थियो । उहाँले यसलाई सहकार्यको साझा संस्कृति भन्दै नेपालका राजनीतिक दल र त्यसको नेतृत्वबाट विश्वका राजनीतिक दलले सिक्नुपर्ने धारणा राख्नुभएको थियो ।

हर्षवर्द्धनको उक्त भनाइप्रति टिप्पणी गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "हामीले राजनीतिक रुपमा प्रतिस्पर्धा मात्रै गरेका छैनौँ, एकले अर्कालाई प्रधानमन्त्री पनि बनाएका छौँ ।" अध्यक्ष दाहालले नेपालमा नयाँ संस्कार विकास गरिएको र एकले अर्को नेतालाई प्रधानमन्त्री बनाएको उल्लेख गर्नुभयो । गाउँदेखि माथिसम्म कांग्रेसको सरकार बनाउन आफूलाई जिताउन आग्रह गर्नुभएका सभापति देउवा र नयाँ नेतृत्वको खोजी जरुरी रहेको धारणा राख्नुभएका वरिष्ठ नेता रामचन्द्र पौडेलकाबीचमा कांग्रेसको उत्थानका विषयमा साझा मत व्यक्त भएको थियो ।

# ट्रक दुर्घटनामा परी दुईको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

पोखरामा सवारी दुर्घटनामा परी चालक तथा सहचालकको मृत्यु भएको छ । तनहुँबाट पृथ्वीचोक तर्फ आउँदै गरेको लुरख २९४८ नं.को फलामे छड (रड) बोकेको ट्रक अनियन्त्रित भइ विहान नालामा पल्टिना पुग्दा चालक भीम बहादुर तामाङ र सहचालक मुर्कुस तामाङको मृत्यु भएको प्रहरीले जनाएको छ ।

लमजुङ पार्चे बस्ने ४२ वर्षीय भीमबहादुर र नवलपरासी गैडकोट-१७ का मुर्कुसको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक सुन्दर तिवारीले बताए । विहान करिब ४:३० बजे दुर्घटनामा परी गम्भीर घाइते भएका दुबै जनालाई उद्धार गरी पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रीय अस्पताल) मा लगिएकामा बिहान ५:५५ बजे चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

उक्त घटनाको बारेमा थप अनुसन्धान भई रहेको प्रहरीले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ ।

# दोहोरीगीत प्रतिष्ठान नेपालको साधारण सभाको तयारी तिव्र

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको ऐतिहासिक २१ औं वार्षिक साधारण सभा २०७८ को तयारी तिव्र पारिएको छ । साधारण सभा पौष २ र ३ गते प्रतिष्ठानको स्थापना स्थल नवलपुर जिल्लाको अरुणखोला स्थित जनता माध्यमिक विद्यालयको प्रांगणमा हुँदैछ ।

साधारण सभामा विभिन्न व्यक्तिलाई सम्मान गरिने राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालका अध्यक्ष रमेश बि.जी.ले जानकारी दिनुभयो । उहाँका अनुसार अग्रज लोकसंगीत श्रष्टा राष्ट्रिय सम्मानबाट सुदुर पश्चिमका देउडा गायक अग्रज श्रष्टा नरेन्द्रराज रेग्मीलाई सम्मानित गरिनेछ ।

यसैगरी सामाजिक सेवा रत्न राष्ट्रिय सम्मानबाट इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँणेल, लोक पत्रकारिता सम्मानबाट पोखराका पत्रकार राजाराम पौडेल, राष्ट्रिय श्रष्टा सम्मानबाट प्रेमराजा महत तथा राम प्रसाद खनाललाई सम्मान गरिने अध्यक्ष बि.जी.ले जानकारी दिनुभयो । लोकसंस्कृति विद्यावारिधि सम्मान तुलसी प्रभासलाई गरिनेछ । संस्थापक सम्मानबाट संस्थापक समिति, संस्थापक सल्लाहकारलाई सम्मान गर्ने प्रतिष्ठानको तयारी छ । सोही कार्यक्रममा अरुणखोला मेघराज पाण्डे विद्याालयव्यवस्थापनसमिति अध्यक्ष लक्ष्मण थापा समेत सम्मानित हुनुहुनेछ । साथमा अन्य विभिन्न संस्थागत सम्मानहरु वितरण गर्ने प्रतिष्ठानको तयारी रहेको छ । साधारण सभाको उद्घाटन गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली (पोखरेल) ले पौष २ गते गर्नुहुनेछ । साधारण सभामा प्रतिष्ठानका सबै शाखाबाट कलाकारको सहभागीता रहनेछ । साधारण सभाबाट केही महत्वपूर्ण निर्णय गर्ने प्रतिष्ठानको तयारी रहेको बताइएको छ । प्रतिष्ठानको स्थापना चर्चित गायक, सर्जक अम्बर बिरही गुरुङको अध्यक्षतामा भएको थियो ।

Embassy of India
Pension Paying Office
Rambazar, Pokhara (Nepal)

INVITNG BIDS FOR REPAIR & MAINTENANCE OF BUILDINGS OF EOI, PPO, POKHARA

1. Sealed tender documents / quotations are invited directly from reputed bidders for repair & maintenance buildings of Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal).

2. The last date of receipt of offer in sealed envelope is on or before 24 Dec 2021 up to 1030 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents can be collected from Embassy of India, Pension Paying Office, Rambazar, Pokhara (Nepal). Tele No. 061-431240 / 061-432804 / 061-432805.

3. Bidders may visit the site before submitting the bid.

Office-in Charge
Embassy of India
Pension Paying Office
Rambazar, Pokhara (Nepal)

# आर्वामा स्वास्थ्य परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

मोहरपानी आदर्श टोल बिकाश संस्था र जागरण आमा समुहको सम्युक्त आयोजना तथा अन्नपूर्ण आयुर्वेदिक क्लिनिक को सहयोगमा शुक्रबार पोखरा १३ आर्वा स्थित जागरण आमा समुहको बहुउद्देश्यीय भवनमा सम्पन्न निशुल्क आयुर्वेदिक शिविर मा २ सय २८ जनाले स्वास्थ्य परीक्षण गराएका छन् ।



अन्नपूर्ण आयुर्वेदिक क्लिनिक सितलादेबीकी सञ्चालिका डा. ज्योति कुमारी ठाकुर को नेतृत्वमा आठ जना स्वास्थ्यकर्मी को समुह ले शिविरमा स्वास्थ्य परिक्षण गरेका थिए । शिविरमा ग्यास्टीक, गानोगोला, कब्जियत, पायल्स, अफिसर, फिस्टुला, पिनास, दम, रुघाखोकी, टाउको दुखाई, स्त्रीरोग, ढाड दुखाई, घुँडा दुखाई, नसारोग, हड्डीखिईएको सुनिएको, युरोको एसिड, हातखुट्टा झमझमउने, दुर्व्यसन लगायतका रोगको परिक्षण गरी निशुल्क रुपमा औषधी बितरण गरिएको थियो भने केही जटील बिरामीको अन्नपूर्ण आयुर्वेदिक क्लिनिक मा लगि थप उपचार गर्ने ब्यवस्था मिलाईयको थियो । अहिलेको अवस्थामा अनेकौं स्वास्थ्य चुनौति र समस्याहरुको आयुर्वेदिक उपचार पद्दती बाट पनी सम्भावना छ भन्ने अभिप्रायले यो शिविर आयोजना गरिएको डा.ज्योति कुमारी ठाकुर ले बताईन् । उनले परापूर्वकालदेखि नै आयुर्वेदिक औषधी मार्फत बिभिन्न रोगहरुको उपचार गरिँदै आईएको र यो पद्धती भरपर्दो माध्यम भएकोले यसको प्रयोगमा जोड दिनु पर्ने बताईन् । डा. ठाकुरले शिविर प्रति आर्वालिहरुको उल्लेखनिय सहभागिता प्रति धन्यवाद ब्यक्त गरिन् ।

कार्यक्रम मा श्री मोहरपानी आदर्श टोल बिकाश संस्था पोखरा १३ आर्वाका अध्यक्ष श्रीराम सिग्देल,सचिव शिबराज बराल तथा जागरण आमा समुहकी अध्यक्ष राधा देबी बराल (बिद्या)लगायतले स्वास्थ्य शिविरका बिविध बिषयहरु माथि प्रकाश पारेका थिए । शिविरमा पोखरा १३ आर्वा का बिभिन्न टोल बिकास समिति संगै पोखरा महानगरपालिका वडानं १२,२०,२८ तथा मादी गाउँ पालिकाबाट पनी सहभागिता रहेको थियो ।

## पर्वतीय...

सो अवसरमा कुलपति गुरुङले प्रकाश थापाद्धारा लिखित पुस्तक "लाङटाङ देखि लण्डन"सम्मको विमोचन गर्नुभएकाा थियो । उक्त पुस्तकबारे नेपाल पर्वतारोहण संघ (एनएमए) गण्डकीका अध्यक्ष शेषकान्त शर्माले पुस्तकले हिमालको परिवेशको यथार्थलाई निकै जीवन्त रुपमा समेटेको र पुस्तक पढ्नेहरुलाई घुम्न प्रेरित गर्नेब ताउनुभयो ।

लेखक थापाले हिमालसँग दशवर्षको अनुभव र २० वर्षको मेहनतबाट नेपालको भुभाग र हिमालको महत्वलाई पुस्तकमा उतारेको बताउनुभयो । जीवनको अन्तिम लक्ष्यनै उचाइ भएको जनाउँदै जुन उचाइ नेपालमा रहेकाले पनि पर्यटन क्षेत्रमा पुस्तकले थप टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल पर्यटन बोर्डका पूर्व सदस्य टिकाराम सापकोटा, बासु त्रिपाठि, सोफोका कोषाध्यक्ष लक्कि कार्की, उपाध्यक्ष हरि त्रिपाठी लगायतले नेपालका चुचुराहरुको प्रोफाइल तयार गरी प्राकृतिक र सांस्कृतिक जोगाउन सके मात्रै दिगो पर्यटन सम्भव हुने धारणा राख्दै सरकारले पर्यटन मैत्री नीति ल्याउनु पर्नेमा जोड दिनुभयो । रिक्यापका महासचिव रामजी शर्माले पर्यटनको सैद्धान्तिक ज्ञान र व्यवसायिक अनुभव भएका व्यक्तिहरुको सामुहिक धारणाबाट पर्यटन क्षेत्रको विकासको लागि समृद्धिको खाका तयार गर्न सकिने बताउनुभयो । कार्यक्रममा पर्यटन क्षेत्रका व्यत्तित्वहरुको सहभागिता रहेको थियो ।

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


कपाल, छाला तथा यौन रोगको उपचार

यही मिति २०७८ मंसिर २५ गते शनिबार

काठमाडौं ग्र्यान्ड हस्पिटलमा कार्यरत विशेषज्ञ डा. कमल राज घिताल कपाल, छाला तथा यौन रोग विशेषज्ञ यस आरोग्य फार्मेसीमा आउनुहुने भएकोले निम्न समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला ।

परीक्षण तथा उपचार गरिने रोगहरु :-

कपाल कपाल झरेको, उमेर अगाडि नै टाउकाको अगाडिको भागमा कपाल नभएको, झरेको, कपालमा टाट्ट परेको, कपालका कुनै पनि समस्या भएका, कुनै रोगका कारण कपाल झरेका, ज्वरो, टाइफाइड, कोभिड आदि कपाल उमार्न, लामो बनाउन, कपाल रोप्न तथा कपाल लामो र बाक्लो बनाउन चाहनु हुने बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।



छाला रोग कालो पोतो, डण्डीफोर, अनुहारमा हुने दागहरु विलाउने, दुवी, सोरायसिस, नयाँ पुराना छालाका कुनै पनि रोगहरु भएका बिरामीहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

यौन यौन रोग तथा समस्या, यौन इच्छा हुने तर कमजोर हुने, कुनै पनि यौन सम्बन्धी समस्या भएका बिरामीहरुले सम्पर्क राख्नुहोला ।

बिरामी परीक्षण: बिहान ९ बजेबाट ५ बजेसम्म
फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

सम्पर्क: आरोग्य फार्मेसी
पोखरा-१०, इन्द्रचोक, पोखरा, रंगशाला नजिकै
फोन नं.: ०६१-४३०४०७, ९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मौजामा बृहत स्वास्थ्य शिविर शुरु, पहिलो दिन गराए ३ सय ३ जनाले स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**

पोखरा महानगरपालिका वडा नम्वर २० मौजा स्वास्थ्यचौकीमा शुक्रवारदेखि बृहत् निशुल्क स्वास्थ्य शिविर शुरु भएको छ । पोखरा महानगरपालिका वडा नम्वर २० र विपन्न समुदाय र जैविक विवधता सहयोथी संस्था (नेलम्बो) नेपाल पोखरा ४ गैह्रापाटनको संयुक्त आयोजनामा शुरु भएको बृहत निशुल्क स्वास्थ्य शिविर, औषधी वितरण तथा सचेतनामुलक कार्यक्रमको पोखरा महानगरपालिकाका कार्यवहाक नगरप्रमुख मञ्जुदेवि गुरुङले उद्घाटन गरिन ।



कार्यक्रमको उद्घाटन गर्दै कार्यबाहक नगरप्रमुख गुरुङले महानगर भित्रको ग्रामिण भेगमा नेलम्वोले स्वास्थ्य शिविरको आयोजना गरि दुर दराजमा रहेकाहरुलाई स्वास्थ्य सेवा प्रदान गरेमा धन्यवाद व्यक्त गरिन । कुनैपनि ठाउको विकासका लागि सवैले आफ्नो ठाउवाट एकजुट भएर लाग्नुपर्नेमा जोड दिदै महानगरले पनि स्वास्थ्य सेवालाई प्रभावकारि रुपमा कार्यान्वयन गर्न लागि परेको वताइन । त्यस्तै नेलम्वो नेपालका अध्यक्ष एकदेव देवकोटाले नेलम्वोले ग्रामिण भेगमा आएर जनताहरुलाई स्वास्थ्य सेवा प्रदान गर्ने अभिप्रायले मौजामा आयोजित शिविरमा उल्लेख्य सहभागिता जनाएको वताए । दुईदिन सम्म आयोजना हुने शिविरमा साविक भलाम र मौजा गाविस गरि ५०० जनाको स्वास्थ्य परिक्षण गर्ने लक्ष्य लिएको समेत देवकोटाले वताए । शिविरमा परिक्षण गरिएका मध्ये केहिलाई जटिल समस्या परेका देखिएमा पोखरामा रहेका हस्पिटलहरु संग सहकार्य गरि निशुल्क उपचार गर्ने समेत देवकोटाले जनाए ।

सो अवसरमा वोल्दै पोखरा महानगरपालिका वडा नम्वर २० का अध्यक्ष सिम बहादुर गुरुङले नेलम्वोले महागरको पनि ग्रामिण भेगमा स्वास्थ्य शिविरको आयोजना गरि ग्रामिण भेगका जनतालाई सेवा प्रदान गरेकोमा धन्यवाद व्यक्त गरे । पोखरा महानगरले आफुहरुको वडालाइ स्वास्थ्य क्षेत्रमा वेवास्ता गरेको समेत अध्यक्ष गुरुङले वताए । प्रदेश सरकारबाट वर्थिङ सेन्टरका लागी सामाग्रीहरु पठाइसकेको भएतापनि अझैसम्म पनि वर्थिङ सेन्टरको काम हुन नसक्नुमा पोखरा महानगरको स्वास्थ्य महाशाखा प्रमुख कारण रहेको वताउदै अध्यक्ष गुरुङले कार्यबहाक नगर प्रमुख समक्ष वर्थिङ सेन्टरको काम शुरु नगरेमा स्वास्थ्य महाशाखामा वडाको जनता उतारेर घेराउन गर्ने समेत चेतावनी दिए । त्यसैगरी भलाम र मौजा स्वास्थ्य चौकीमा कर्मचारी अभाव भएको र दरवन्दी भएतापनि स्वास्थ्यकर्मी नपठाएको प्रति पनि उनको महानगर प्रति आक्रोश ब्यक्त गरे । शनिवार सम्म सञ्चालन हुने शिविरमा साविकको भलाम र मौजा गाविसमा रहेका विपन्न परिवारलाई लक्षित गरि उक्त शिविरको आयोजना गरिएको भएतापनि शिविरमा मादि गाउपालिकाका गाउहरु र पोखरा महानगर पालिका १३ र १६ का जनताले समेत सेवा लिन पाउने समेत अध्यक्ष गुरुङले वताए ।

शिविरको पहिलो दिन शुक्रबार मात्रै ३ सय ३ जनाले स्वास्थ्य परीक्षण गराएका छन । जसअन्तर्गत सामान्य चेकजांच १ सय ९८ , हाडजोर्नी १ सय २७, दन्त परिक्षण ७८, नाक, कान, घाँटी ५१, छालाको उपचार ३७, प्रसुति रोगको परीक्षण २८, इसिजि २८, सामान्य ल्याव परिक्षण २०, भिडियो एक्सरे १५, युरोलोजी सम्वन्धि ३ जनाले लाभ लिएको स्थानिय स्वास्थ्यकर्मी विष्णु राज घिमिरेले जानकारि दिए ।

शिविरमा वरिष्ठ जनरल सर्जन तथा युरोलोजिष्ट डाक्टर अनुप चापागाई, डाक्टर अनिश भुषाल, डाक्टर नानू गौडेल,डाक्टर प्रकाश कार्की, डाक्टर सिजन मरासिनि र अंकुर केसि लगायतले विरामिको परिक्षण गरेका थिएभने टेक्निकल अफिसर रवि गुरुङ, स्वास्थ्य अधिकृत निर्मला देवकोटा, अनुसन्धान अधिकृत समिका बस्नेत, डेण्टल हाईजेनिष्ट स्नेहा खड्का, सुस्मि बुढा, फार्मेसिष्ट सुशील त्रिपाठी, शैलेस बाबू वराल, नर्स जिसि, अस्मिता थापा रल्याव टेक्निसियन सपना तिमिल्सिना मौजा तथा भलाम स्वास्थ्यचौकिका स्वास्थ्यकर्मी हरुले सहजिकरण गरेका थिए ।

# पर्वतको जलजलामा स्लेटखानी उत्खनन गरिँदै

**पोखरापत्र संवाददाता**
**पर्वत, २४ मंसिर**

कालीगण्डकी नदीमा निर्माण सामग्री उत्खननको ठेक्का लगाउन नपाउँदा यहाँका स्थानीय तहको आन्तरिक आम्दानी घटेको छ ।

नदीजन्य पदार्थको उत्खननबाट वार्षिक रु दुई करोड आम्दानी गर्दै आएका कुश्मा नगरपालिका र जलजला गाउँपालिकाको आम्दानी शून्य भएको छ । स्थानीय तहको मुख्य आम्दानीका रूपमा रहेको नदीजन्य पदार्थ उत्खननमा अदालतको आदेशले रोक लागेको छ । जलजलाका राजस्व अधिकृत लीलाधर सुवेदीका अनुसार नदीजन्य पदार्थ उत्खनन हुन नसक्दा गाउँपालिकाको आम्दानी आधा घटेको छ । आन्तरिक आम्दानीले नागरिकका अधिकांश माग सम्बोधन गर्न कठिनाइ भइरहेको सुवेदीले बताउनुभयो । नदीको आम्दानी गुमेपछि गाउँपालिकाले स्लेट ढुङ्गालाई उत्खनन गरी निकासी गर्ने र गाउँपालिकाको राजस्वमा वृद्धि गर्ने सोच बनाएको छ । यसले खेर गएको ढुङ्गाले बजार पाउने र स्थानीयस्तरमा रोजगारीको सिर्जना गर्न सकिने गाउँपालिकाले जनाएको छ ।

स्लेट ढुङ्गा उत्खनन तथा कटिङ ढुङ्गा उद्योग सञ्चालन कार्यविधि २०७८ तर्जुमा गरी लागू गर्न लागिएको सुवेदीले बताउनुभयो । गाउँपालिकाले स्लेट ढुङ्गा भएका जग्गाधनी र गाउँपालिकाबीच बिहीबार सम्झौता गरेको छ । गाउँपालिकाले आइइई गरेर सबै प्रक्रिया पूरा गरिसकेकाले तुरुन्तै प्रक्रियामा लैजाने उहाँले बताउनुभयो । अब विगतमा जस्तै स्लेट ढुङ्गा निकासीमा व्यवसायीले बेचौलियाको सङ्गत गर्न नपर्ने र पारदर्शिता कायम हुनाका साथै गाउँपालिकाको राजस्वमा वृद्धि भई स्थानीय जनताका माग सम्बोधन गर्न सहज हुने उहाँले जानकारी दिनुभयो । कालीगण्डकी नदीमा अहिले निर्माणजन्य सामग्री उत्खननमा पूर्णतः रोक लगाइएको छ । अदालतको आदेशले नदीजन्य पदार्थ उत्खननमा रोक लाग्दा निर्माण सामग्री अन्य जिल्लाबाट ल्याउनुपर्ने अवस्था सिर्जना भएको छ । अर्कोतिर नदीमा आश्रित परिवारको आर्थिक उपार्जनमा समस्या भएको छ । जलजलाका माझफाँट, बाँसखर्क, शालिजा, बनौ, लेखफाँटलगायत यसअघि पनि स्लेटखानी उत्खनन गरिए पनि दर्ता प्रक्रिया नपुगेको भन्दै पालिकाले रोक लगाएको थियो । अब भने सबै स्थानीय तहबाट अनुमति लिएर सञ्चालन गर्न पाउने भएको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्रबहादुर क्षेत्रीले बताउनुभयो ।

# मिर्गौला पीडितलाई दुई लाख सहयोग

**पोखरापत्र संवाददाता**
**दमौली, २४ मंसिर**

तनहुँ समाज हङकङले दुवै मिर्गौला पीडित तनहुँको व्यास नगरपालिका-९ भोटेनीका मीनबहादुर गुरुङलाई आर्थिक सहयोग गरेको छ । दुवै मिर्गौला फेल भई उपचारका क्रममा रहनुभएका गुरुङलाई समाजका तर्फबाट रु दुई लाख ३० हजार ६१२ आर्थिक सहयोग गरिएको हो ।

उक्त सहयोग समाजका पूर्वअध्यक्ष भीमराज गुरुङ र निवर्तमान अध्यक्ष जङ्गबहादुर थापाले पीडित गुरुङलाई हस्तान्तरण गर्नुभयो । रकम हस्तान्तरण गर्दै समाजका पूर्वअध्यक्ष गुरुङले सामाजिक काम गर्दै आएको समाजले आफ्नो क्षमताले भेटेसम्म विभिन्न रोगबाट पीडित भई उपचारमा रहेका बिरामीहरूलाई सहयोग गर्ने बताउनुभयो । निवर्तमान अध्यक्ष थापाले तनहुँ समाज हङकङले जहिले पनि दीनदुखीको दुःखमा साथ दिँदै आएको बताउनुभयो ।

यसअघि पनि समाजले तनहुँको ऋषिङ गाउँपालिका-८ पल्ट्याङ घर भएका दुईजना मिर्गौला पीडितलाई रु चार लाख ५७ हजार आर्थिक सहयोग गरेको थियो । दुवै मिर्गौला फेल भई उपचारका क्रममा रहेका ४१ वर्षीय लुमबहादुर रिमालीलाई रु एक लाख ८२ हजार आठ सय र ३६ वर्षीय नेपालीलाई रु दुई लाख ७४ हजार दुई सय सहयोग गरिएको थियो ।

समाजले तनहुँमा विगत दश वर्षदेखि शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक क्षेत्रमा योगदान गर्दै आइरहेको छ । समाजले कोभिड महामारीको बेला दसवटै स्थानीय तहमा रु १५/१५ हजार सहयोग गरेको थियो । साथै, गत असारमा आएको पहिराबाट पीडित भएका ऋषिङका पहिरो पीडितलाई समाजले रु दुई लाख ४४ हजार सहयोग गरेको थियो । समाजले जिल्लाको शैक्षिक क्षेत्रमा योगदान पुऱ्याउन रु १५ लाखको अक्षयकोष पनि स्थापना गरेको छ । विसं २०५६ सालमा स्थापित समाजले जिल्लाको विभिन्न विद्यालयमा उक्त अक्षयकोषको ब्याजबाट प्राप्त रकमले सहयोग गर्दै आइरहेको छ ।

दमौलीस्थित गण्डकी विकास बैंकमा स्थापित अक्षयकोषको ब्याजबाट प्रत्येक वर्ष बालबालिकाका लागि समाजले सहयोग गर्दै आएको छ । समाजले यसका अतिरिक्त भानु जन्मस्थल विकास समितिमा रु पाँच लाखको लगानीमा पुस्तकालय स्थापना गरेको छ भने साथै क्यामिनको छापथोक, भीमाद लगायतका स्थानमा खानेपानी आयोजनामा पनि आर्थिक सहयोग गरेको छ ।

समाजमा चार सय जना तनहुँवासी आबद्ध छन् । समाजले हङकङमा समेत विविध कार्यक्रम गर्दै आएको छ । समाजले भावनात्मक विकास गर्ने र हङकङमा बस्ने नेपाली कसैलाई दुःख पर्दा साथ दिँदै आएको छ ।

# आइटिएफ वर्ल्ड टेनिस : नेपालका सलोनी र सर्भानी फाइनलमा भिड्ने

**पोखरापत्र संवाददाता**
**कास्की, २४ मंसिर**

'आइटिएफ गर्ल्स/ब्वाईज यू-१८ वर्ल्ड ऱ्याङकिङ टेनिस टुर जे-५ सर्किट-२' अन्तर्गत महिला एकलतर्फ नेपालका सलोनी तामाङ र सर्भानी श्रेष्ठले फाइनलमा प्रतिस्पर्धा गर्नुहुने भएको छ ।

अन्तर्राष्ट्रिय टेनिस महासङ्घ (आइटिएफ)सँगको सहकार्यमा कास्की जिल्ला टेनिस सङ्घले पोखरा रङ्गशाला स्थित टेनिस कम्प्लेक्समा आयोजना गरेको प्रतियोगिताअन्तगर्त आज सम्पन्न सेमिफाइनलमा तामाङले भारतका रीया दुगडलाई ६-३ र ६-२ अङ्कको सोझो सेटमा पराजित गर्दै फाइनलमा स्थान बनाउनुभएको हो । यसैगरी महिलाएकलतर्फ नेपालको १ नं बरियताका अभिलाषा विष्ट 'रिटार्यड हर्ट' हुँदै खेलबाट बाहिरिँदा श्रेष्ठले फाइनल पुग्ने अवसर प्राप्त गर्नुभयो र तामाङसँगको भेट पक्का गर्नुभएको छ । महिला 'डबल्स'को आज सम्पन्न फाइनल खेलमा भारतका नियती कुक्रेती र हाना नागपालको जोडीले उपाधि जितेको छ । उहाँहरूको जोडीले आफ्नै देशको रीया दुगर र तनुश्री पाण्डेको जोडीलाई ६-१, र ६-२ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो । पुरुष एकलतर्फको सेमिफाइनलको खेलमा स्विडेनका इमिलियो जियलकोस्कीले अमेरिकाका सिद्धार्थ लामालाई ६-२ र ६-४ अङ्कको सोझो सेटमा पराजित गर्नुभयो । फाइनलमा उहाँले हङ्गेरीका लोरान्ट ग्योरीसँग प्रतिस्पर्धा गर्नुहुनेछ । लोरान्टले सेमिफाइनलमा अमेरिकाका मिश्रे ब्यारोटलाई ६-३ र ६-३ को सोझो सेटमा पराजित गर्नुभएको थियो ।

पुरुष 'डबल्स'तर्फ अमेरिका र भारतका सिद्धार्थ लामा र मिश्रे ब्यारेटको जोडीले भारतका कविर र दक्षप्रसादको जोडीसँग फाइनल खेल्नेछ । कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा दुई सातादेखि जारी प्रतियोगिता अन्तर्गतको सर्किट २ को फाइनल खेल शनिबार हुने सङ्घका सचिव नविन श्रेष्ठले जानकारी दिनुभयो । प्रतियोगितामा नेपालसहित १० देशका ८८ जना खेलाडीको सहभागिता छ ।

# माओवादीको प्रदेश समितिमा महिला ३५ र युवाको २० प्रतिशत सुनिश्चित

**पोखरापत्र संवाददाता**
**पोखरा, २४ मंसिर**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) गण्डकी प्रदेश समितिमा महिला कम्तीमा ३५ प्रतिशत र २० प्रतिशत युवाको प्रतिनिधित्व सुनिश्चित गरिएको छ ।

यही मङ्सिर २५ र २६ गते पोखरामा हुने प्रथम प्रदेश अधिवेशनका बारेमा जानकारी दिन सो पार्टीले बिहीबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रदेश इन्चार्ज हितराज पाण्डेले महिला, युवा, दलितलगायतलाई पार्टी कमिटीमा प्राथमिकता दिने पार्टी नीति रहेको बताउनुभयो ।

उहाँले १८ देखि ४० वर्षसम्मका युवालाई बढीभन्दा बढी पार्टी कमिटीमा जिम्मेवारी दिइने बताउनुभयो । यसका साथै दलित १९ प्रतिशत र मुस्लिम तथा सीमान्तकृतको सहभागितासहित प्रदेश समितिमा सुनिश्चिता गरिएको बताइन्छ । अधिवेशनबाट प्रदेश समितिमा एक अध्यक्ष, तीन उपाध्यक्ष तथा सचिव, सहसचिव र कोषाध्यक्ष एक-एक गरी सात सदस्सीय पदाधिकारीसहित २२९ सदस्यीय प्रदेश समिति निर्वाचित हुने माओवादीले जनाएको छ । प्रदेशको प्रथम अधिवेशन विशेषगरी विचार निर्माण र सङ्गठनात्मक काममा मुख्य केन्द्रित हुने बताइन्छ । प्रदेश इन्चार्ज पाण्डेले भन्नुभयो, "माओवादी केन्द्रलाई गण्डकी प्रदेशमा प्रमुख शक्तिका रूपमा स्थापित गर्ने गरी सङ्गठनात्मक कामलाई कसरी अघि बढाउने भन्नेबारेमा अधिवेशनमा गहन छलफल गर्छौं, अधिवेशनमा विशेषगरी विचार निर्माण र समाजवादको मोडलका बारेमा छलफलमा बढी केन्द्रित हुनेछ र नयाँ नेतृत्व चयन गरिनेछ ।"

माओवादीले प्रथम प्रदेश अधिवेशनको तयारी पूरा भएको र ८४६ प्रतिनिधि सहभागी हुने जनाएको छ । प्रदेश कमिटीका सचिव एवं प्रवक्ता देवेन्द्र पराजुलीले अधिवेशनको सबै तयारी पूरा भएको जानकारी दिँदै प्रदेशका ११ वटै जिल्लाबाट प्रतिनिधि पोखरा आउने क्रम सुरु भएको बताउनुभयो । पोखरा सभागृहमा हुने अधिवेशनमा प्रदेशका ११ जिल्लाका ८५ स्थानीय तह, मनोनित प्रतिनिधि, आयोजक समिति सदस्य, ज्येष्ठ कम्युनिष्ट मञ्च र प्रदेश सल्लाहकार सहभागी हुनुहुनेछ । प्रदेशको अधिवेशनमा पालिकाबाट निर्वाचित ६००, मनोनित ६०, आयोजक ९६, ज्येष्ठ कम्युनिष्ट मञ्चका ४३ र प्रदेश सल्लाहकार ४७ जना सहभागी हुने माओवादीले जनाएको छ । एक गैरभौगोलिक शाखासहित एक महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिकामा पार्टीका अधिकांश अधिवेशन सम्पन्न भई पालिका समिति निर्वाचित भएका छन् । गण्डकीमा स्थायी बसोबास भएका पार्टी स्थायी समितिका सदस्य, केन्द्रीय समितिका सदस्य, प्रतिनिधिसभाका सांसद, केन्द्रीय सल्लाहकार र केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चका सदस्यलाई अधिवेशनमा आतिथ्यताका लागि निमन्त्रणा गरिएको जनाइएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शत्रुको भय |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाब |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : शारीरिक झमेला | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# गोरखामा सुविधासम्पन्न होटल सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**गोरखा, २४ मंसिर**

गोरखामा करिब रु ५० करोडको लागतमा सुविधासम्पन्न होटल सञ्चालनमा आएको छ ।

सदरमुकामस्थित गोरखा नगरपालिका-६, अर्घलेमा सुविधा सम्पन्न होटल गोरखा गार्डेन सञ्चालनमा ल्याइएको हो । तीनतारे स्तरको सुविधा भएको उक्त होटलमा गोरखा र चितवनका व्यवसायीको संयुक्त लगानी रहेको होटल सञ्चालक समितिका अध्यक्ष ऋषिराम पौडेलले जानकारी दिनुभयो । कूल १५ रोपनी क्षेत्रफलमा फैलिएको होटल गोरखा गार्डेन जिल्लाकै पहिलो सुविधासम्पन्न र स्तरीय होटल हो । होटलमा गोष्ठी तथा कार्यक्रमहरू आयोजना गर्नका लागि सुविधासम्पन्न चारवटा हलसमेत निर्माण गरिएको उहाँले बताउनुभयो । "होटलभित्र निर्माण गरिएका सेमिनार हलको नाम गोरखकाली हल, मनकामना हल, लिगलिग हल र गोरखानाथ हल नाम दिइएको छ", अध्यक्ष पौडेलले भन्नुभयो, "जिल्लाको पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागिसमेत टेवा पुऱ्याउने उद्देश्यले हलको नामसमेत पर्यटकीयस्थलका नामबाट नामकरण गरिएको हो ।"त्यस्तै, होटलमा सुविधासम्म ४६ स्तरीय कोठाहरू निर्माण गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । "हामीले ग्राहकको सुविधालाई ध्यानमा राखेर दुईवटा स्विट रुम, १० वटा सुपर डिलक्स, ३४ वटा डिलक्स रुम सञ्चालनमा ल्याएका छौं," उहाँले भन्नुभयो, "ग्राहककै सुविधाका लागि होटलको छैटौं तलामा बच्चा र वयस्कका लागि सुविधासम्पन्न पौडी पोखरीसमेत निर्माण गरिएको छ ।" होटलमा बस्न आउनेहरूले स्वादिष्ट तथा स्थानीय उत्पादन भएका अर्ग्यानिक तथा उच्च गुणस्तर एवं स्वस्थ्यकर खाना खान पाउने व्यवस्था मिलाइएको अध्यक्ष पौडेलको भनाइ छ ।

जिल्लाको आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी होटल निर्माण गरिएको सञ्चालक समितिका सदस्य केशव देवकोटाले जानकारी दिनुभयो । अहिले आंशिक रूपमा सञ्चालनमा आएको र यही पुस महिनाभित्रमा होटल पूर्ण सञ्चालनमा ल्याउने तयारी भइरहेको उहाँको भनाइ छ ।

होटलमा एकै पटकमा ६०० जनासम्म अटाउने क्षमताको हल पनि रहेको उहाँको भनाइ छ ।

# भूपि पुरस्कारका लागि आवेदन माग

**पोखरापत्र संवाददाता**
**बागलुङ, २४ मंसिर**

धवलागिरि साहित्य प्रतिष्ठान बागलुङले यस वर्ष प्रदान गरिने संस्थागत तर्फको 'भूपि पुरस्कार' का आवेदन माग गरेको छ । आगामी पुस १० गते ८७ औं भूपि जयन्ती समारोहमा प्रदान गरिने सो पुरस्कारका लागि यही मङ्सिर मसान्तभित्र प्रतिष्ठानमा आइपुग्ने गरी आवेदन आह्वान गरिएको प्रतिष्ठानका अध्यक्ष काजी रोशनले जानकारी दिनुभयो । नगद रु २५ हजार राशिको उक्त पुरस्कार साहित्यिक/सांस्कृतिक संस्था र स्रष्टालाई आलोपालो गरी बर्सेनि प्रदान गर्ने गरिएको छ । भूपि शेरचनका नाममा पुस्तकालय, वाचनालय, विद्यालय, प्रतिमा, अक्षयकोष निर्माणलगायत प्रवर्द्धनात्मक कार्य गरिरहेको संस्थाले आफ्नो विवरणसहित आवेदन पठाउन सक्ने अध्यक्ष रोशनले बताउनुभयो ।

# ढोरपाटनमा चिसो बढ्यो, जाडो छल्न बेँसी

– तारानाथ आचार्य
बागलुङ, २४ मंसिर

ढोरपाटनमा जाडो बढेपछि ढोरपाटनका बालबालिका चिसो छल्न बेँसी झरेका छन् । ढोरपाटन जाडो मौसममा हिउँ पर्ने भएकाले बालबालिका बोबाङस्थित जनवादी विद्यालय र अन्य विद्यालयमा झरेका छन् ।

पशु चरन र आलुखेती गर्न ढोरपाटनमा बसेका अभिभावकसमेत विस्तारै बेँसी झरेका हुन् । उनीहरू चैत लागेपछि मात्रै ढोरपाटन उक्लने गर्छन् । अधिकांश बालबालिका र अभिभावक बेँसी झरिसकेका छन्, केही झर्ने तयारीमा छन् । "मेरा परिवारका सदस्य सबै बेँसी झरिसके, अब म पनि झर्ने तयारीमा छु", तमानखोला गाउँपालिका-२ का पूर्णबहादुर छन्त्यालले भन्नुभयो, "चिसो बढेपछि ढोरपाटनमा बस्न सकिँदैन ।"

बालबालिका बोबाङमा झरिसकेकाले ढोरपाटनस्थित जनवादी आधारभूत विद्यालय बन्द गरिएको स्थानीय अभिभावक आइते विश्वकर्माले बताउनुभयो । काम विशेषले आफू गाउँमै बसेपछि बालबालिका बेँसी झरिसकेका उहाँले जानकारी दिनुभयो । ढोरपाटनका अधिकांश मानिसको बोबाङ, निसी र बुङ गादोभानमा जग्गा तथा घर छ । खेतीपातीका लागि उनीहरू गर्मी मौसममा लेकमा जान्छन् भने चिसो बढेपछि बेँसी झर्ने गरेका हुन् । बालबालिका बेँसी झरेपछि ढोरपाटनको ज्ञानोदय मावि पनि विद्यार्थी सङ्ख्या बढेको प्रधानाध्यापक यामबहादुर कायतले बताउनुभयो । "बालबालिका पढ्न आउँछन्, नआऊ भन्न मिलेन, चिसो समयमा फर्निचर पनि पुग्दैन", उहाँले भन्नुभयो, "गर्मी लागेपछि भने उनीहरू ढोरपाटन जान्छन्, विद्यालय सुनसानजस्तै हुन्छ ।" माथिल्लो कक्षाका बालबालिका अभिभावक नभए पनि घरमै बस्ने भएकाले विद्यार्थी नघट्ने उहाँले बताउनुभयो । साना बालबालिका भने अभिभावककै साथमा जाने आउने गर्छन् । ढोरपाटनमा अधिकांश किसानले आलुखेती गर्छन् । उक्त आलु भित्र्याएपछि पशु चरन गर्ने र आगामी वर्ष आलु लगाउने योजनामा उनीहरूले बसाइँसराइ गरिरहन्छन् । "आलु उत्पादन गर्ने, बुर्तिबाङमा बेच्ने र जीवन चलाउने गरेका छौँ", स्थानीय चन्द्रसिंह कुमाइले भन्नुभयो, "आलु नलगाए किसानलाई खानै पुग्दैन ।"

उच्च पहाडी क्षेत्र भएकाले धानखेती भने हुँदैन । ढोरपाटनका जनवादी आधारभूत विद्यालयसँगै ज्योति विकास मावि र सरस्वती प्राविमा पनि बालबालिका घटेका छन् । अत्यधिक जाडो हुँदा अस्थायी विद्यालय नभएकाले पनि बन्द गराउँछन् । बस्ती सुनसान भए पनि ढोरपाटन घुम्नेको सङ्ख्या भने बढेको छ । गुल्मी, पर्वत, बागलुङ, म्याग्दी तथा प्यूठानबाट बढी मानिस घुम्न आउने गरेको वडा नं ९ का सदस्य पानबहादुर विकले बताउनुभयो ।

पर्यटक धेरै नै आउँछन्, कतिपयले रमाइलोका लागि आउँछन् भने कतिपयले समूहको अध्ययन अवलोकनस्थल पनि ढोरपाटन बनाउने गरेका छन् । ढोरपाटनमा आउनेले यहाँका सांस्कृतिक पहिचान, लोकगीत सङ्गीत र कला तथा संस्कृतिको पनि खोजी गर्ने गरेको होटल व्यवसायीले बताउनुभयो । सामुदायिक घरबासमा बस्ने र होटलमा बस्ने पाहुनाले गीतसङ्गीतका लागि दोहोरीको व्यवस्थापन गरिदिनसमेत आग्रह गर्ने गरेको विकले बताउनुभयो ।

आरक्षमा चिसो बढे पनि कर्मचारी भने नियमित बस्ने गरेको सिनियर गेम स्काउटर वीरबहादुर थापाले बताउनुभयो । "चिसो, गर्मी भनेर स्थानीय बासिन्दाजस्तो हामी सर्न पाइँदैन, बरु यो बेला हुनसक्ने चोरी सिकारीमा ध्यान दिनुपर्छ", थापाले भन्नुभयो, "चिसो सहरै हामी बस्ने गरेका छौँ ।" चिसो बढेपछि फोन तथा इन्टरनेटमा समेत समस्या आउँदा सूचना सञ्चारमा कठिनाइ हुने उहाँले बताउनुभयो । यहाँ रहेको नेपाली सेनाको गुल्म र आरक्ष कार्यालयले भने चिसो बढे पनि ढोरपाटन छाड्न पाइँदैन ।

# म्याग्दीमा कृषि उत्पादनमा वृद्धि

पोखरापत्र संवाददाता
म्याग्दी, २४ मंसिर

विगत दुई वर्षअघिको तुलनामा अहिले म्याग्दीमा कृषि उपजको उत्पादन वृद्धि भएको छ । कृषि ज्ञान केन्द्रका अनुसार दुई वर्षअघिसम्म कूल खेतीयोग्य जमिनको ६२ प्रतिशत जमिनमा मात्र खेती गरिएकामा अहिले ८२ प्रतिशतमा खाद्यान्न, तरकारी र फलफूलखेती विस्तार गरिएको छ ।

विगतका वर्षहरूको तुलनामा यस वर्ष शतप्रतिशत खेतमा धान रोपाइँ भएको र पाँच प्रतिशतले उत्पादनमा वृद्धि भएको स्थानीय तहका कृषि शाखाहरूले जनाएका छन् । विगतका वर्षमा जिल्लामा ९६ प्रतिशत मात्र रोपाइँ हुने गर्दथ्यो । जिल्लाका विभिन्न स्थानमा जौँ जोन, मकै जोनजस्ता कार्यक्रम पनि सञ्चालन भइरहेका छन् । सिँचाइ समस्याले धेरै जमिन बाँझो राख्नुपरेका किसानलाई राहत भएको छ । कृत्रिम जलाशय, लिफ्ट सिँचाइ, नहर, पक्की कुलोले गर्दा पानी सहज भएपछि खेती गर्न सजिलो भएको कृषक बताउँछन् ।

यता स्थानीय सरकारले पनि कृषिलाई प्रमुख प्राथमिकतामा राखेर काम गर्दै आएको जनाएका छन् । मङ्गला गाउँपालिकाले बाँझो जमिन नराख्ने नीति अगाडि सारेपछि अहिले गाउँपालिकाभित्र कतै पनि बाँझो जमिन नरहेको गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो । जिल्लामा बाँझो जमिनको अवस्था घट्दो क्रममा रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ । त्यसैगरी जिल्लामा नगदे बालीलाई पनि प्राथमिकता दिइएको छ । यसअघि पानीको सुविधा नभएका स्थानमा नगदेबालीको खेती गर्न किसान आकर्षित भएका हुन् । जिल्लामा आलु, गोलभेँडा, काउली, बन्दालगायत तरकारी उब्जनी हुँदै आएको छ । स्थानीय सरकारले कृषिको पकेट क्षेत्रको पहिचान गरी अनुदानलगायत कार्यक्रम विस्तार गर्न कृषिमा लागेका युवाले माग गरेका छन् ।

पाँच वर्ष लामो दुबईको बसाइलाई बिट मारेर गत चैतमा गाउँ फर्किनुभएका मालिका गाउँपालिका-५ का भीमबहादुर रोकाले वर्षौँदेखि बाँझिएको १८ रोपनी पाखोबारीलाई जोतेर दुई हजारभन्दा बढी सुन्तला, कागती र केराका बिरुवा लगाउनुभएको छ । "विदेशमा हामी जस्तो दुःख गर्न पनि तयार हुन्छौँ, तर स्वदेशमा भने जाँगर देखाउँदैनौँ", रोकाले भन्नुभयो, "म विदेश नफर्कने निर्णय गरी गाउँमा नै बाँझिएको जग्गा जमिन जोतेर फलफूल र तरकारी खेतीतिर लागेको छु ।"

रोका मात्रै होइन, कोरोना महामारी सुरु भएपछिका १६ महिनामा दुई हजार ७०० भन्दा बढी युवा वैदेशिक रोजगारी छाडेर आफ्नै गाउँमा फर्किएका जिल्लाका विभिन्न स्थानीय तहहरूले सङ्कलन गरेको तथ्याङ्कमा उल्लेख छ । यीमध्ये ८५ प्रतिशत युवा कृषि र पशुपालनमा जोडिइसकेका छन् भने बाँकी युवा स्वदेशमै रोजगारीका अन्य माध्यमको खोजी गरिरहेका छन् ।

# माटो छुन छोड्दै, कालो सुँगुरमा भविष्य खोज्दै कुमाल समुदाय

-हरि बाँस्तोला
गण्डकी, २४ मंसिर (रासस)



पेसाले माटाका भाँडाकुँडा बनाउने रूपमा पुर्खौंदेखि पहिचान बनाउँदै आएका कुमाल समुदाय पछिल्लो समयमा भने माटोको विकल्प खोज्न थालेका छन् ।

परापूर्वकालदेखि माटाकै भाँडाकुँडामा रमाएका कास्कीको रुपा गाउँपालिका-३ पोल्याङटारका कुमाल समुदाय यतिखेर माटो छुन छोडेर कालो सुँगुरमा भविष्य खोज्न थालेका हुन् । माटाका समानको क्रमशः प्रयोगमा कम हुँदै जानुका साथै युवापुस्ता अन्य पेसातर्फ आकर्षित हुँदै गएका कारण उनीहरू सुँगुरपालनतर्फ लोभिएका हुन् । सुँगुरपालनमा राम्रै आम्दानी हुँदै जान थालेपछि एकपछि अर्को हुँदै अधिकांश कुमाल समुदाय कालो सुँगुरपालनतर्फ लागेको स्थानीयवासी सरिता कुमालले बताउनुभयो । "घर छेउमा निर्माण गरेको सामान्य खोरमा कालो सुँगुरका चारवटा माउ छन्", उहाँले भन्नुभयो, "एक वर्षको अवधिमा चार हजार ५०० का दरले ३५ वटा पाठा र चारवटा हुर्केका सुँगुर बिक्री गरेर कूल दुई लाख ५१ हजार आम्दानी भयो ।"

रोगको प्रकोप कम हुने र पाल्न पनि खासै धेरै ध्यान दिनु नपर्ने, बिक्री गर्न कुनै समस्या नहुने, पाल्नका लागि सुँगुरका पाठापाठी र मासुका पारखी खरिद गर्न घरघरै आउने गरेको उहाँको भनाइ छ । एउटा माहुले विपाठो (सुँगुरको भाले) लागेको ११४ दिनमा ब्याउने र एक बेतमा १० देखि १७ वटासम्म पाठापाठी जन्माउने गरेको बताउँदै उहाँले चारवटा माहु हुने हो भने सामान्य परिवारको जीविकोपार्जनका लागि विदेशिनुपर्दैन भन्नुभयो ।

खोरमा यतिखेर आठ वटा माहु र एउटा विपाठो गरी नौवटा सुँगुर छन् । तीमध्ये चार वटा माहुले २८ पाठापाठी जन्माएकोमा पाँचवटा बिक्री भई सके र अरु हुर्कदै छन् भने बाँकी माहु ब्याउने भएको स्थानीयवासी हीरालाल कुमालले बताउनुभयो । वैदेशिक रोजगारको सिलसिलामा ११ वर्ष खाडीमुलुक कतारमा बिताएर स्वदेश फर्कनुभएका उहाँले एक वर्षको अवधिमा लगभग ७० पाठापाठी बिक्री गरेर रु तीन लाख १५ हजार आम्दानी गरेको राससलाई बताउनुभयो । उहाँले रु छ लाख खर्चेर खोर निर्माण गर्नुभएको हो । परिवारसँग छुट्टिएर विदेशको तातो धुपमा काम गर्नुभन्दा स्वदेशमा नै परिवारसँगै बसेर गरेको सानो आम्दानी महत्वपूर्ण हुनेमा जोड दिँदै उहाँले सरकारीस्तरबाट केही सहयोग पाउने हो भने खोरमा ३० माहु पुऱ्याएर वार्षिक ३०० पाठापाठी उत्पादन गर्ने र यसको बिक्रीबाट रु १५ लाखभन्दा बढी आम्दानी गर्ने लक्ष्य लिएको बताउनुभयो । "कम समय, खासै रोग पनि लाग्दैन, छोटो समयमा बढी आम्दानी दिने, बिक्री हुँदैन कि भन्न नपर्ने सुँगुरपालनबाट राम्रो आम्दानी हुन्छ", कुमालले भन्नुभयो, "माटाका भाडा बनाउने पुर्ख्यौली पेसा सङ्कटमा परेपछि कुमाल समुदायले सुँगुर पालनलाई विकल्पको रूपमा लिन थालेका हुन ।" विशेष गरी चोकर, धानको ढुटो, कर्कलोको डाठ पकाएर, घरेलु मदिरा उत्पादन गर्दा खेर जाने कट सुँगुरको मुख्य आहाराको रूपमा प्रयोग गर्दै आएको उहाँकी श्रीमती विलकुमारी कुमालले बताउनुभयो । व्यावसायिकरूपमा सुँगुरपालन गर्दा अपनाउनुपर्ने सतर्कता, खोर व्यवस्थापन, रोगका बारेमा सामान्य जानकारी पाउने खालको तालिम पाउने हो भने यसबाट पोल्याङटारका कुमाल समुदायले बढीभन्दा बढी फाइदा लिन सक्ने उहाँको भनाइ छ । उनीहरूको खोरमा सुँगुरसँगै कुखुरा, गोठमा भैंसा, बाख्रा, भैँसी समेत छन् । स्थानीय उदयबहादुर कुमालका अनुसार यस क्षेत्रमा गत वर्ष मात्र दुई हजार ५०० पाठापाठीको माग रहेकामा उत्पादन भएका एक हजार ६०० वटा बच्चा बिक्री गरी कूल रु ७० लाख र हुर्केका सुँगुर बिक्रीबाट रु १५ लाख गरी गाउँमा कूल रु ८५ लाखभन्दा बढी आम्दानी भएको थियो । गाउँका माहु सुँगुरले पाठो खोज्दा आफू नोमा ल्याउने गरेको बताउँदै उहाँले एउटा माहुलाई विपाठो दिएबापत रु एक हजार ५०० शुल्क लिने गर्दा त्यसबाट पनि थप आम्दानी हुने गरेको बताउनुभयो । "यस वडामा लगभग २०० घरपरिवार कुमाल समुदायका छन् प्रत्येक घरमा धेरै थोरै सुँगुर सबैले पालेका छन्", उहाँले भन्नुभयो, "पछिल्लो समयमा कुमाल समुदायमा लोकल सुँगुर पाल्ने प्रचलन बढेको छ ।" उक्त समुदायमा चाडपर्व मनाउनका लागि पनि सुँगुर पाल्ने प्रचलन रहेको छ । सुँगुरपालनमा राज्यको तर्फबाट आजसम्म कुनै पनि सहयोग हुन नसकेकोमा उहाँहरूले सामूहिक दुखेसो गर्नुभयो । कुमाल बस्तीमा यतिखेर स्थानीय जातका २०० भन्दा बढी सङ्ख्यामा माहु रहेका छन् । यस पेसामा परिवारका जुनसुकै उमेर समूहका सदस्य पनि लाग्ने गरेको बताउँदै उहाँले माहुको मासु प्रतिधार्नी ८०० र विपाठोको मासु प्रतिधार्नी रु एक हजारमा बिक्री हुने गरेको जानकारी दिनुभयो । माटाको भाडाको उत्पादन मूल्य बढी पर्नु र बजारमा सस्तो मूल्यमा बलियो प्लाष्टिकका भाडा आएसँगै उपभोक्ता प्लाष्टिकका भाडा प्रयोग गर्न थालेपछि माटाका भाडा बनाउने परम्परागत पेसाबाट विस्थापित हुनुपरेको बताउँदै उहाँले स्थानीय जातको कालो सुँगुरपालनतर्फ आकर्षित हुन थालेको जानकारी दिनुभयो ।

आजभन्दा सात दशकअघिसम्म माटाका भाडा बनाउने पुर्ख्यौली पेसा रहेको सो समुदायमा पछिल्ला पुस्तालाई भने माटोको भाडा बनाउने प्रविधिबारेमा कुनै पनि जानकारी छैन । कुमाल समुदायले उत्पादन गरेको माटाका भाडा विशेष गरी परम्परागत लाग्ने मेला महोत्सवमा बिक्री हुने गरेका थिए । रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओभाका अनुसार गाउँपालिकाले कुमाल समुदायको उत्थानका लागि सडक, खानेपानी, सिँचाइ, शिक्षा, स्वास्थ्य क्षेत्रलगायत उत्पादनमा जोड दिँदै आएको बताउनुभयो । कुमाल समुदायका बासिन्दाले सुँगुरपालन व्यवसायका लागि सीप तथा ज्ञानका लागि गाउँपालिकाले आवश्यकताअनुसारको तालिम उपलब्ध गराउने विश्वास व्यक्त गर्दै उहाँले भन्नुभयो, "त्यसका लागि स्थानीय जागरुकता अपरिहार्य छ ।" कुमाल समुदायको सक्रियतामा कालो सुँगुरपालनले व्यावसायिकता पाउँदै गरेको उहाँको भनाइ छ । कुमाल समुदायको परम्परागत पेसा, कला, संस्कृति, भाषा, वेषभूषाको संरक्षणमा संगठित गर्दै व्यावसायिक बनाउने उद्देश्यका साथ उक्त क्षेत्रमा बहुउद्देश्यीय भवन निर्माण सुरु गरिएको स्थानीयवासी बलभद्र कुमालले जानकारी दिनुभयो । भवन निर्माणसँगै पुर्ख्यौली पेसा माटाका भाडा बनाउने यन्त्रहरू समेत प्रदर्शनका लागि राखिने तयारी गरिएको बताउँदै उहाँले भवन निर्माणसँगै कुमाल समुदायलाई आफ्ना हक अधिकारको लागिसमेत सङ्गठित गर्न सहयोग पुगे विश्वास व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "कूल रु ६० लाखको लागतमा निर्माण गरिने दुई तल्ले उक्त भवनका लागि जिल्ला समन्वय समिति कास्कीको मौजुदा कोषबाट रु २० लाख, रुपा गाउँपालिकाबाट रु पाँच लाख र बाँकी विभिन्न सङ्घसंस्था, व्यक्ति एवं स्थानीय जनश्रम परिचालन गरेर निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ ।" कुमाल समुदायको महत्वपूर्ण पर्व माघी पर्व सोही भवनमा मनाउने लक्ष्यका साथ निर्माण कार्यलाई तीव्रता दिइएको छ । उक्त नवनिर्मित भवनको जिल्ला समन्वय समिति कास्कीका प्रमुख बैनबहादुर अधिकारी क्षेत्रीले हालै शिलान्यास गर्नुभएको हो ।

कास्कीको पोल्याङटारसहित रिठ्ठेपानी, भण्डारढिकलगायतका स्थानमा कुमाल समुदायको बसोवास रहेको छ । सबै स्थानमा बसोबास गर्ने सम्पूर्ण कुमाल समुदायले पछिल्लो समय स्थानीय लोकल सुँगुर पाल्ने गरेका छन् । अल्पसङ्ख्यकका रूपमा सूचीकृत कुमाल समुदायको मुलुकमा कूल एक लाख २६ हजार मात्र जनसङ्ख्या रहेको विगतको राष्ट्रिय जनगणनाको तथ्याङ्कमा उल्लेख छ ।

# बेलायतबाट फर्केर उद्यममा रमाउँदै गलकोटका भण्डारी

पोखरापत्र संवाददाता
बागलुङ, २४ मंसिर

लगानीको अभावमा विदेश पुगेका नेपाली विदेशबाट फर्केर उद्यममा जोडिनेको लहर नै छ । नेपालमा लगानी जुटाउन नसकेका युवा विदेशमा गएर केही अर्थ उपार्जन गरेपछि भने नेपालमा फर्केर लगानी गर्न थाल्नुभएको छ । लामो समय बेलायतमा बस्नुभएका गलकोट नगरपालिका-३ हटियाका नरबहादुर भण्डारीले विगत ९ वर्षदेखि गलकोटमा आफ्नै उद्यम थाल्नुभएको छ । उहाँले गलकोट नगरपालिका-३ सिमखेतमा साढे पाँच रोपनी जग्गामा व्यावसायिक तरकारी खेती, पुष्प खेती, रेष्टुराँ र पार्टी प्यालेस व्यवसाय गर्दै आउनुभएको छ । सिमखेतमा उहाँले २०६९ सालदेखि कृषि पेसा थाल्नुभएको हो । पछि उहाँले रेष्टुराँ र पार्टी प्यालेस पनि सञ्चालन गर्नुभयो । सुरुआतमा भण्डारी रोजगारीका लागि भारत जानुभयो । डेढ दशक भारतमा बिताउनुभएका उहाँ त्यहीँबाट केन्या पुग्नुभयो । केन्यामा ११ वर्ष काम गर्नुभएका भण्डारी पुनः बेलायत फर्किनुभयो । तीन दशकको वैदेशिक यात्रा टुङ्ग्याएर भण्डारीले गाउँमै उद्यम थाल्नुभएको छ । उहाँले रु दुई करोड ५० लाखको लगानी गरिसक्नुभएको छ । श्रीमती लोक कुमारी, छोरा भगवान र बुहारी राधिकाको सहयोगमा भण्डारीले विभिन्न उद्यम गर्दै आउनुभएको छ । उहाँले तीन जनालाई रोजगारी प्रदान गर्नुभएको छ ।

भण्डारीले थप तरकारी खेतीका लागि तीन रोपनी जग्गा भाडामा लिनुभएको छ । "पुष्प खेती गरेको छु, रेष्टुराँ र पार्टी प्यालेसलाई चाहिने सामग्री आफैँ उत्पादन गर्छु", उहाँले भन्नुभयो । वैदेशिक यात्राका क्रममा निकै दुःख भोग्नु परे पनि स्वदेशमा फर्केर परिवारसँग रमाउन पाउँदा आनन्द महसुस भइरहेको भण्डारी बताउनुहुन्छ ।

# लुटिने र ठगिने दिन आउँदैन : मन्त्री श्रेष्ठ

पोखरापत्र संवाददाता
तनहुँ, २४ मंसिर

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ किसानले वैदेशिक रोजगारीका सिलसिलामा कोही लुटिने र ठगिने अवस्थाको अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रथम दमौली पाटन सांस्कृतिक एवं पर्यटन महोत्सवको आज उद्घाटन गर्दै मन्त्री श्रेष्ठले भन्नुभयो, 'क्षमताअनुरूप जुनसुकै जिल्लाका नागरिक विदेश जान सक्छन् । विदेश जाने नाउँमा लुटिने र ठगिने कार्यलाई निरुत्साहित गरेछु, उन्मुक्ति दिइने छैन । ठगलाई तह लगाउने प्रतिबद्धता व्यक्त गर्दछु ।'

श्रमजीवि र विदेशमा जाने श्रमिकको पक्षमा आफूले वकालत गर्दै आएको बताउँदै उहाँले नेपालबाट ९७ प्रतिशत युवायुवती बिना सीप वैदेशिक रोजगारीमा जाने गरेकाले त्यसो नगर्न आग्रह गर्नुभयो । विदेशमा जाने युवाका लागि अहिले सातवटै प्रदेशमा सीपमूलक तालिम केन्द्र खोल्ने तयारी गरिरहेको उहाँले बताउनुभयो ।

मङ्सिर २४ गतेदेखि पुस ३ गतेसम्म व्यासनगरपालिका-५ बेनीपाटनमा महोत्सव सञ्चालन भइरहेको छ । महोत्सवमा ५० हजार दर्शकले अवलोकन गर्ने लक्ष्य राखिएको महोत्सवका मूल संयोजक विदेश पवन चुमी थापा मगरले जानकारी दिनुभयो । करिब रु ५५ लाखको कारोबार हुने र रु ४८ लाख खर्च कटाएर रु सात लाख मुनाफा गर्ने अपेक्षा गरिएको छ ।

# पोखरा टेलिभिजनको अध्यक्षमा काफ्ले

पोखरापत्र संवाददाता
पोखरा, २४ मंसिर

पोखरा टेलिभिजन एण्ड मिडिया प्रा.लिको अध्यक्षमा युवा ब्यबसायि तथा समाजसेवि जनक काफ्ले निर्वाचित हुनु भएको छ ।

पोखरामा रहेको टेलिभिजनको हालै सम्पन्न बिषेश साधारण सभाले उहाँलाई अध्यक्ष चयन गरेको हो । पोखराको नयाँबजारमा प्रधान कार्यालय रहेको टेलिभिजनलाई समय अनुकुल जनताको चासो र बजारको माग अनुसार परिस्कृत बनाउदै लैजाने गरि नयाँ ब्यबस्थापन आए सँगै काफ्लेलाई अध्यक्षमा निर्बाचीत गरेको हो । आजभन्दा ९ बर्ष अगाडी दर्ता भै सञ्चालन भैरहेको एच.डी क्वालीटीको टेलिभिजन हाल केवल नेटवर्क बाट देशभर सञ्चालन भैरहेको छ । टेलिभिजनलाई थप जनमैत्री बनाउने,सबै क्षेत्रलाई समेटेर मिडियाको माध्यमबाट जनताका समस्या, सेवा प्रदायक निकायमा निरन्तर चासो र खबरदारी, सुसासन तथा पारदर्शी समाज निर्माणका लागि टेलिभिजनलाई अब्बल बनाउदै लैजाने अध्यक्ष काफ्लेले बताउनु भयो ।

सन्तुलित बिषयबस्तु पस्कने, पत्रकारीता जनतामा आधारीतहुनुपर्छभन्नेमान्यतालाई शिरोपर गर्दै श्रमजिविहरुको उचित ब्यबस्थापन गर्दै अगाडी बढ्ने उत्साहका साथ मिडिया क्षेत्रमा प्रबेश गरेको काफ्लेको भनाई छ । एक सफल ब्यबसायिको रुपमा परिचित काफ्ले बिभिन्न सामाजिक कृयाकलापमा सकृय रहनु भएको छ ।